# जिल्ला बिकास समिति बझाङको
# आ.ब २०७२/०७३ को दोश्रो चौमासिक
## सम्पन्न क्रियाकलापहरुको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिबेदन

**पृष्ठभूमी**

सेबा प्रदायक निकाय र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा नागरिकहरुको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गर्न स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसार कार्यक्रम संचालन भएको थियो । जिल्ला पशुसेवा र कृषि तथा खाध्य सुरक्षा आयोजना ले उक्त कार्यक्रममा सेवाप्रदायकनिकाय र आम नागरिक तथा उपभोक्ता सेवा ग्राही बीच दोहोरो सम्बाद भएको थियो ।

स्थानीय निकाय तथा बिषयगत कार्यालयहरुको सार्वजनिक सुनुवाइ कार्य बिधि २०६७ ले निर्देशित गरे अनुसार सरकारी, गैर सरकारी, र उपभोक्ता तथा बिभिन्न क्षेत्रमा भएका काम कार्वाही र योजनाहरुलाई सरोकारवाला निकाय र नागरिकहरुका बीचमा दोहोरो संवाद स्थापित गर्न र त्यस्तो संवादबाट जनतालाई देश बिकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पार्दशिताको माध्यमद्बांरा जिल्ला कृषि बिकास कार्यालय र सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्बेवारीको संस्कार बसाउन, सार्वजनिक सुनुवाइ गर्न आवश्यक ठानी जिल्ला बिकास समितिको कार्यालयबाट आ.व २०७२/७३ मा बिनियोजित योजनाहरुको कार्यलाई सबै समुदाय माझ स्पष्ट पार्न र आएका गुनासाहरु संकलन गरी आगामी दिनमा सुधार्नु पर्ने कुराहरुलाई अझ व्यवस्थि गर्दै लैजान जिल्ला किकास समितिको कार्यालयले फागुन ३० गते सार्वजनिक सुनुवाई सम्पन्न भएको थियो ।

**उद्देश्य :**

**सार्वजनिक सुनुवाई कार्यक्रम संचालनका लागि निम्नानुसारका उदेश्यहरु तय गरिएका थिए ।**

जिल्ला बिकास समितिको कार्यालय बाट जिल्लामा बिभिन्न खाल्का योजना बिनियोजित गरे अनुसार जनताले के कस्ता सेबा, सुबिधार बिकास पाए भन्ने बिषयमा र कार्यालयको काम प्रभावकारी बनाई जनताको गुनासो सुन्न कार्यालयले गरेको कामको पारर्दशी गरि सार्वजनिक गरी त्यस्ता बिषयका सम्बन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकहरुले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकबाट रचनात्मक सुझाबलाई ग्रहण गरी जिम्बेवार सस्कार बसाउन गरिने सर्वजनिक सुनुवाई प्रक्रियालाई मार्ग दर्शन गर्नु यस सार्वजनिक सुनुवाईको मुल उद्देश्य रहेको छ ।

१.१ जिल्ला बिकास समिति तथा बिषयगत कार्यलयले संचालन गर्ने विकास योजनाहरुवाट समाजले लिनसक्ने अधिकाधिक लाभको सुनिश्चितताको लागि सम्पादित कार्यहरु सरोकारवालावाट लेखाजोखा हुने पद्दतिको स्थापना गर्ने,

१.२ सार्वजनिक परीक्षण (Public Audit) प्रणाली अवलम्वन गर्न सार्बजनिक निकायहरुलाई मार्गदर्शन गर्ने,

१.३ सार्बजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,

१.४ जिल्ला बिकास समति तथा बिषयगत कार्यालय बाट सम्पादन हुने सार्बजनिक परीक्षण प्रकृयामा एकरुपता ल्याउने ।

कार्यक्रम आयोजना स्थल : जिल्ला बिकास समिति हल
कार्यक्रम संचालन गरिएको समयावधि (घण्टा /मिनेटमा) : ४.३०.घण्टा
कार्यक्रम आयोजना गरिएको मिति र समय : २०७२ फागुन ३० गते दिउसो ११. बजे देखि ३.३० बजे सम्म ।
सहजिकरण : बिरेन्द्र बहादुर खड्का, शैलेन्द्र रोकाया
जम्मा सहभागी संख्या :

**कार्यक्रमका संचालित प्रक्रिया**

क ) अध्यक्षता ग्रहण तथा कार्यक्रम शुरु भएको घोषणा भएको थियो ,
ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश पारेको ,
ग) आचार संहिताबारे जानकारी गराएको
घ) सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिएको
ङ) नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत भएको ,
च) बहिर्गमन अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत भएको थियो ,
ङ) सहभागीहरुबाट तोकिएको बिषयमा लिखित तथा मौखिक प्रश्नहरु संकलन भएको
ज) स्थानीय निकायका जिम्मेवार पदाधिकारीहरुले स्पष्ट पारेको
झ) स्पष्टता पछि थप जिज्ञासाको आह्वान गरेको
ञ) सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासामा स्पष्टता ल्याउने प्रयास गरेको ,
ट) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन भएको

**सार्वजनिक सुनुवाइ कार्यक्रमा सहभागिता तथा संचालन प्रक्रिया**

कार्यक्रम संचालन : बिरेन्द्र बहादुर खड्का
अध्यक्षता ग्रहण : नि. स्थानिय बिकास अधिकारी सुर्य प्रसाद गौतम
अतिथी : राजनितिक दल, सेवा प्रदायक निकायका प्रमुख तथा प्रतिनिधिहरु उपभोक्ता समितिका पदाधिकारी, पत्रकार, उपस्थित आम जनसमुदाय
कार्यक्रको उद्देश्य पार्ने र सार्वजनिक सेवा प्रवाह बारे जानकारी दिने सूर्या गौतम ले माथि प्रकास पर्नु भएको थियो ।

- कार्यक्रमको आचारसंहिता बारे जानकारी गराउने कार्यक्रमका सहजकर्ता बिरेन्द्र ब. खड्का सहभागीहरुबाट तोकिएको बिषयमा लिखित एवं मौखिक प्रश्नहरु संकलन गर्ने कार्य शैलेन्द्र रोकाया

- प्रश्न वा जिज्ञासाहरुको स्पष्ट जवाफ दिन सम्बन्धित कार्यालय वा सेवा केन्द्र कर्मचारी र इलाका इन्चार्ज बाटै भएको थियो ।
- स्पष्टतापछि थप जिज्ञासाहरुको आव्हान गरी थप जिज्ञासाको जवाफ सम्बन्धित कार्यालय प्रमुखहरुबाट दिदै भइ रहेका कमी कमजोरीहरुलाई आगामी दिनमा सुधार्ने प्रतिबद्धता गरेको छ ।
- कार्यक्रमको समापनको लागि फोलोर हस्तान्तरण गरियो
- सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका कुरालाई साराशंमा पुर्नताजकिय गरी अरु निकायले पनि सार्वजनिक सुनुवाइ गर्नु पर्ने आभास गरी कार्यक्रमको समापनको लागि अध्यक्षलाई अनुरोध गरियो ।
- धन्यवाद ज्ञापन सहित कार्यक्रमको समापन सार्वजनिक सुनुवाइको जिल्ला कृषि कार्यालय प्रमुख बाट भएको थियो ।
- कार्यक्रको सहजिकरण शैलेन्द्र रोकाया , बिरेन्द्र खड्का ।

**सार्वजनिक सुनुवाइ कार्यक्रम संचालनमा प्रस्तुत आचारसंहिताहरु**

१ सहभागीहरुले प्रश्न वा जिज्ञासा राख्नका लागि हात उठाउनु पर्नेछ ।
२ सहभागीहरुले प्रश्न वा सुझाब के राख्ने पहिले नै स्पष्ट गर्नुपर्नेछ ।
३ सहजकर्ताले प्रश्न वा जिज्ञासा राख्नका लागि संकेत गरेपछि मात्र नाम सहित प्रश्न राख्नु पर्नेछ ।
४ सेवाग्राहीहरु वा सहभागीहरु धेरैलाई प्रश्न गर्ने समय दिनु पर्ने भएकाले बुदागत रुपमा छोटकरीमा प्रश्न वा जिज्ञासा राख्नु पर्नेछ ।
५ सहजकर्ताले प्रश्न वा जिज्ञासा राख्ने समय सकेको संकेत गरेपछि तत्काल प्रश्न सोध्ने कार्य रोक्नु पर्नेछ ।
६ आफु भन्दा पहिलेका प्रश्नकर्ताले राखेका प्रश्न नदोहोऱ्याइ राख्नु पर्नेछ ।
७ चित्त नबुझेमा सहजकर्ताबाट थप समयको अनुमति लिएर प्रश्न राख्नु पर्नेछ ।
८ प्रश्नहरु राख्दा कसैलाई लाञ्छना बा पूवाग्रही र असलिल शब्दहरु प्रयोग गर्न पाइने छैन
९ कसैबाठ सुनुवाईलाई बिथोल्ने प्रयास गरेमा सबै सहभागि मिलेर सालिन्तापूर्वक समाधान गर्न पहल गर्नु पर्नेछ । र बिषयान्तर हुनबाट सबै सहभागी सचेत हुनुपर्नेछ ।
माथिका आचारसंहिता प्राय जसो पालन भएका थिए ।

**जिल्ला बिकास समितिको कार्यालय बझाङको सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र गुनासाहरु**

१. सार्वजनिक सुनुवाई बर्षको बिषयतग कार्यलयले पनि संचालन गर्नु पर्ने ।
२ जिल्ला बिकास समितिमा काम गर्ने न सकेर बिकासि रकम फ्रिज गयो भन्ने छनि हो

३ आगाी दिनमा समयमै रकम निकासा गर्ने जिल्ला बिकासको कार्यालयले के पहल चालेको छ ?

४ जिल्ला शिक्षा कार्यालयले बिद्यालयको अनुगमन समयमै किन गर्दैन ?

५ जिल्ला बिकास र अन्य बिकासि कार्यालय बाट संचालन हुने कार्यक्रम बारे अनबिज्ञ हुनु कसको कमजोरी हो ?

६ शिक्षा कार्यालयले बिद्यालयको भवन निमार्ण गर्दा स्टमेट अनुसार निमार्ण गराउन लगाउनु आवश्यक छ ?

७  कार्यालय बाट संचालन हुने सबै योजनाको होरिङ बोर्डराख्न लगाउनु सिटि जनरिर्पोट काडलाई आगामी दिन प्रभाव कारी बनाईनु   पर्छ ?

८.उपावले समुदायको हित भन्दा कार्यालयका कर्मचारीको सुबिधामा बढि केन्द्रि हुने गरेको आरोप छ नि ?

९.जल स्रोत परियोजनाका कर्मचारीले पौवागडि गाबिसको खाति गाउँमा निमार्ण गरेको बिधुतमा परियोजनाको कमजोरिले बन्द  भयो को हो ?

१०  गाबिस सचिब र प्राबिधिक गाबिसमा नबसि सदरमुकाम चैनपुर बस्ने गरेका छन ठुला योजना कि टुक्राइयो ?

**सार्बजनिक सुनुवाईमा उठेका प्रश्न, जिज्ञासा गुनासो  र उतर :**

| **प्रश्न,जिज्ञासा वा सुझाव कर्ताको नाम थर र ठेगान** | **सहभागीको प्रश्न, गुनासो र सुझाव** | **जवाफ दिने पदाधिकारीको नाम थर र ठेगाना** | **जवाफको छोटकरी ब्यहोरा** |
|---|---|---|---|
| रमेश केसि | योजना बाट प्राबिधिकले पैसा माग्ने गरेको छ भन्ने छनि ? पैषा लिए पछि गुण स्थरिय काम हुन्छ र ? | लेखा अधिकृत शेर ब. बिष्ट प्राबिधि नृप राज जोशी | कुनै पनि योजना बाट कसै प्राबिधिकले एक पैसा मागेको प्रमाणीत भए कानुनि काबार्हि भोक्न तयार छु  झुटो आरोप लगाउन पाई दैन । योजना गुणस्थर बनाउन प्राबिधिक संगै उपभोक्ताको पनि जिमेवारी हो । |
| राजेन्द्र सिंह | गाबिस सचिब र प्राबिधिक गाबिसमा छैन कहाँ बस्ने गर्छन ? उपाव को रकम हिनामिना कर्मचारीले गर्ने गरेको जनता संग पुगेको छैन भन्ने छनि ? | लेखा अधिकृत शेर ब. बिष्ट | गाबिस नबस्ने सचिबलाई स्पष्टि करण साधिएको छ प्राबिधिको बारेमा मन्त्रालयमा परिपत्र गरिएको छ ।मेरो बिचारमा ठिक छ । समुदायमा तालिम,पोषण सुधार कार्याक्रम गरिएको छ केहि कमजोरी काम गर्दा भएको छ । |
| चन्द्र सिंह | योजना किन टक्राईयो जडिबुढि पहुँच मार्गको काम अधुरै किन भयो? | नि.स्थनिय बिकास अधिकारी सूर्य प्रसाद गौतम लेखा अधिकृत शेर बहादु बिष्ट | आबशयकतालाई परिचाहन गरिएको छ ।सरकारी नितिनियमको उल्घन भएको छैन । सबै योजनको अनुगमन गरिएको छ । जिबिसले निर्शत र शशत्रअनुदान बितरण गर्छ जिबिस परिषदको निर्णय अनुसार भएको छ। |

| | | | |
|---|---|---|---|
| पत्रकार राजेन्द्र सिहं | योजना किन अषाढमा सम्झौता गरिन्छन?जलस्रोतले पौवागडीमा काम गर्दा गलत निहेत गरेको छ? सिटिजन रिपोड काडको पालना गरियोस । | नि. स्थानिय बिकास अधिकारी , | सिटिजन रिपोट काडको अझै प्रभावकारी रुपले प्रयोग गरिने छ । सेवा प्रवाहमा अझै प्रभावकारी गरिने छ ।सबै योजना होइन केहिमा ढिलाई भएको छ । कति पय योजना मन्त्तलाय बाटै ढिलाई आउने गर्छन । सेवाग्राहि पनि समयमा आउनु पर्छ ।काममा लाप्रवाहि गनु हुदैन । सुचना प्रचार स्थानयि रेडिया बाट पनि गरिएको छ ।<br>पौवागढिको सबै जिम्मा बिधुत बनाउने काम जलस्रोतको होईन हामीले १ लाख सहयोग गरेको हो । |

**उपलब्धिहरु**

१ सेवाग्राहीहरुले योजनाको बाँडफाडको स्रोत र काम भए नभएको बुझ्ने मौका पाएको ।

२ जिबिस बाट बितरण गरेका योजनाहरुको ब्यापक छलफल भएको ।

३ कार्यक्रममा सहभागीहरुबाट सभ्य र शिष्ट भाषामा प्रश्न र सुझाब राखेको ।

४ सम्बन्धि निकायहरुबाट कमी कमजोरी हुने गरेको महसुष भएको र आगामी दिनमा सुधार्ने प्रतिबद्धता गरेको ।

५ जिल्ला बिकास समिति र अन्य बिकासि कार्याललले गरेको आ.व. ०७२/०७३ को बारे जानकारी भएको

**चुनौतीहरु**

ख) बिषय बस्तु भन्दा बाहिरका कुराहरु बिकास संग जोडिएर आउनु

घ) कार्यक्रममा अपेक्षा गरे अनुसारको सेवाग्राहीहरुको उपस्थितिमा कमी हुनु ।

**निष्कर्ष**

समुदायको बिकासका लागि हरेक नागरिकको सकारात्मक सोचको बिकास हुन जरुरी छ । बिकास निर्माणमा राज्य, सरकार र नागरिकको उतिकै भुमिका र सहयोग हुनपर्ने हुन्छ । त्यसका लागि सरकार र नागरिक बीचको सम्बन्ध , समन्वय र सहकार्य पनि आवश्यक हुन्छ । सरकारले नागरिकको जीवनस्तर माथि उकास्नका लागि बितरण गरेका योजनाहरुको गुणस्तर कायम राख्न सार्वजनिक सुनुवाइको पनि महत्वपूर्ण भुमिका रहेने गर्दछ । त्यसै अनुरुप नेपाल सरकारले सार्वजनिक सुनुवाइ कार्यबिधि २०६७ जारी गरिएको छ । सार्वजनिक सुनुवाइले सम्बन्धीत निकायको उत्तरदायित्व , सरोकारवाला निकाय र उपभोक्ताहरुको जिम्बेवारीलाई समेत बोध गराइको छ ।

प्रतिवेदक

बिरेन्द्र बहादुर खड्का
शैलेन्द्र रोकाय

.